श्री

## राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७५/०७६ सालको निर्णय नं. १९३

पुनरावेदन नं. ०७५-RB-००२२

**मुद्दाः-मुल्य अभिवृद्धिकर (२०७२/०७३)।**

काठमाडौ जिल्ला का.म.न.पा.वडा नं.२५ स्थित घर नं.१०/४६४ स्थित स्थायी लेखा नं. ३०००९१०८३ का अन्सार ब्रदर्सको तर्फबाट मोहमद हसन अन्सारी.............................................................................१ } पुनरावेदक

**विरुद्ध**

करदाता सेवा कार्यालय, ठमेल, काठमाडौ.................................... १ } प्रत्यर्थी
आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ ................................१

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री शिव प्रसाद पौडेल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालयः श्री करदाता सेवा कार्यालय, ठमेल काठमाडौ ।**

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर अधिकृत मुकुन्द पोखरेल
शुरु निर्णय मितिः २०७४/०६/०८

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल
निर्णय मितिः २०७५।०२।१०

यसमा करदाता सेवा कार्यालय, ठमेल, काठमाडौ समेतको निर्णय उपर राजस्व न्यायाधिकरण

ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. पुनरावेदक करदाता अन्सार ब्रदर्सको आ.व. २०७२/०७३ को कर लेखा परीक्षण पश्चात भएको प्रतिवेदनको आधारमा मू.अ.कर ऐन. २०५२ को दफा २० (१) तथा मू.अ.कर नियमावली २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना समेत जम्मा रु.३,६०,७३२/- प्रारम्भिक कर निर्धारण गर्ने गरी करदाता सेवा कार्यालय, ठमेल काठमाडौबाट मिति २०७४/५/१९ मा जारी भएको आदेश ।

२. मिति २०७४/५/१९ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७४/०५/२५ मा बुझी लिई मिति २०७४/०६/०८ मा बुँदागत रूपमा जवाफ पेश गरेको।

३. करदाताले पेश गरेको जवाफमा मिति २०७२/१०/२८ को प्रज्ञापनपत्र नं.२१०५३ बाट यस फर्मले कुनै पनि कम्पनीबाट कुनै पनि सामान आयात नगरको नबुझेको भनेतापनी कुनै ठोस प्रमाण पेश नगरेको साथै आन्तरिक राजस्व विभागको **Portel System** को **ASYCUDA** विवरण तथा भैरहवा भन्सार कार्यालयको पत्रबाट सो प्रज्ञापनपत्र सोही फर्मको नाउँमा जारी भएको पुष्टयाई भएकोले प्रारम्भिक कर निर्धारण आदेश बमोजिमको कर रु.१,८०,७१३/- र जरिवाना रु.१,८०,०१९/- समेत जम्मा रु.३,६०,७३२/- (तिन लाख साठी हजार सात सय बत्तिस रुपैया) मुल्य अभिवृद्धिकर तर्फ अन्तिम कर निर्धारण गर्ने भन्ने समेत व्यहोराको करदाता सेवा कार्यालय, ठमेल काठमाडौबाट मिति २०७४/०६/०८ मा भएको निर्णय पर्चा।

४. करदाता सेवा कार्यालय, ठमेलले मिति २०७४/०६/०८ मा भएको आ.व. २०७२/०७३ को मुल्य अभिवृद्धीकर तर्फ अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी अन्सार ब्रदर्सले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०९/२६ मा आन्तरिक राजस्व विभागमा दिएको निवेदन ।

५. करदाता सेवा कार्यालयको मिति २०७४/६/८ को मुल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण आदेश कानून सम्मत भएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७५/२/१० को निर्णय ।

६. म कपडाको थोक व्यापारी हुँ । मेरो नाममा आएको मिति २०७२/१०/२८ को प्रज्ञापनपत्र नं.२१०५३ को सम्बन्धमा मैले मौखिक जानकारी पाएको हुँ । मैले उक्त प्रज्ञापनपत्र

नभरेको र सो प्रज्ञापनपत्र बमोजिम मैले सामान नमगाएको सो सम्बन्धमा मैले भन्सार छुटाउने एजेन्ट नियुक्त नगरेको र समान समेत नबुझेको हुँदा उक्त प्रज्ञापनपत्र नं.२१०५३ को हदसम्म करदाता सेवा कार्यालयको मिति २०७४/६/८ को मुल्य अभिवृद्धी कर तर्फको अन्तिम निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७५/२/१० को निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको करदाता अन्सार ब्रदर्सको तर्फबाट मिति २०७५/०५/०३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०६/१६ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक अन्सार ब्रदर्सको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री शिव प्रसाद पौडेलले प्रज्ञापनपत्र नं.२१०५३ का सम्बन्धमा अन्सार ब्रदर्सको तर्फबाट भन्सार एजेन्ट नियुक्ती नगरेको, कुनै सामान नमगाएको र सामान नबुझेकोमा प्रज्ञापन नं.२१०५३ बमोजिमको सामान पुनरावेदक अन्सार ब्रदर्सको भएको भनी उक्त सामानहरुको मोलको लाग्ने मुल्य अभिबृद्धि कर लगाउने गरी शुरु कार्यालयको निर्णय र सो लाइ सदर गरेको आन्तरिक राजस्व विभागको निर्णय बदर गरी पाउँ भनी  बहस प्रस्तुत गर्नुभयो ।

१. त्यसैगरी प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले करदाता अन्सार ब्रदर्सले आयात गरेको मोलको लाग्ने भन्सार कर तिरी सकेपछी आएको सामान खातामा ईन्ट्रि गर्ने क्रममा खरिद खाता र विक्री खातामा नजनाएको कारण कर छली गर्ने उद्धेश्य रहेको प्रष्ट हुन्छ तसर्थ प्रत्यर्थी कार्यालयको निर्णय कानूनसम्मत नै हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

२. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय तथा सोलाई समर्थन गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको छ छैन ?  पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ?  भनी निर्णय दिनुपर्ने देखिन आयो ।

३. अब निर्णयतर्फ विचार गर्दा पुनरावेदक करदाता अन्सार बदर्सले प्रज्ञापन पत्र नं. २१०५३ बाट आफुले कुनै मालबस्तु पैठारी नगरेको र नबुझेको हुँदा उक्त प्रज्ञापन पत्र नं. बमोजिमको सामानको हदसम्मको मुल्य अभिवृद्धिकर निर्धारण गर्ने आदेश समेत बदर  गरी पाउँ भन्ने जिकिर लिएको सन्दर्भमा हेर्दा प्रज्ञापन पत्र नं.२१०५३ बमोजिम पैठारी भएको मालबस्तु आफ्नो नभएको भन्ने पुष्टी हुने कागजपत्र (प्रमाण) पुनरावेदकले पेश गर्न सकेको देखिँदैन भने आन्तरिक राजस्व विभागको Portal System को Asycuda विवरण तथा भैरहवा भन्सार कार्यालयको पत्रबाट सो प्रज्ञापन पत्र पुनरावेदक करदाता कम्पनीकै नाउँमा जारी भएको देखिएको र उक्त पज्ञापन पत्र बमोजिमको मालबस्तु जाँचपास भएको पुष्टी भएको छ। साथै, उक्त भन्सार कार्यालयको च.नं.१९५४ मिति २०७६/२/१ को पत्र बाट समेत प्रज्ञापनपत्र नं.२१०५३ बाट पुनरावेदक करदाता Ansar Brother Masan Galli Kathmandu PAN No 300091083 कै नाममा भन्सार एजेन्ट नं.०१८, CSF Communication मेचीनगर -१० ले मालबस्तु जाँचपास गरी लगेको भनी लेखी  आएको समेत देखिंदा भन्सार कार्यालयबाट जारी भएको प्रज्ञापनपत्र न.२१०५३ बमोजिमको मालबस्तु पुनरावेदक फर्मले पैठारी नगरेको भन्न मिल्ने देखिएन । पुनरावेदक करदाता फर्मले नियुक्त गरेको भन्सार एजेन्टले भन्सार कर तिरी सकेको र मालबस्तु जाँचपास गराई बुझी लिएको समेत देखिँदा उक्त प्रज्ञापनपत्र नं.२१०५३ बमोजिमको मालसामान खरिद दावी नगरेकै आधारमा सो फर्मले पैठारी गरेको होइनन भन्न नसकिने हुँदा उक्त प्रज्ञापन पत्र नं. बमोजिमको सामान पुनरावेदक करदाता फर्मकै हो भन्ने कुरामा शंका गर्नु पर्ने देखिएन । पैठारी भएको सामानको खरिद दावी नगरी मौज्दात नदेखाएको र विक्री समेत समाबेश नगरेको हुँदा करदाताले सो आ.ब.मा देखाएको कुल मुनाफाको आधारमा मुल्य अभिवृद्धि गर्दा हुने रकममा विक्री गरेको आधारमा मुल्य अभिवृद्धि कर माग गरेको शुरुको निर्णयलाई अन्यथा भन्न मिलेन

४. अतः माथी उल्लेखित आधार कारणबाट साविक करदाता सेवा कार्यालय ठमेल हाल आन्तरिक राजस्व कार्यालय ठमेलबाट स्थायी लेखा नं.३०००१९१०८३ का करदाता श्री अन्सार बदर्सको आ.ब.२०७२/०७३ को मूल्य अभिवृद्धीकर तर्फ मिति २०७४/६/८ मा अन्तिम कर निर्धारण गर्ने गरी भएको आदेश एवं सो आदेशलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५/२/१० मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

## तपसील

विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिनू।............१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू।.........................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।...................... ३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की (लेखा सदस्य)

जीवन कुमार घिमिरे (राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
इति सम्वत् २०७६ साल असार महिना ०९ गते रोज २ शुभम् ..........................